मितिः २०८३।०६।१३
ने.सं.११४६ ँलागा ३ मङ्गलवार

बुढानीलकण्ठ नगरपालिकाको ९५ औं कार्यपालिका बैठकका निर्णयहरु

१. यस बुढानीलकण्ठ नगरपालिकाको संवत् २०८३ साल भदौ २५ गते सम्पन्न भएको ९४ औं कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थासम्बन्धी समीक्षा गरियो।

२. मिति २०८३ साल असोज १८ र १९ गते बुढानीलकण्ठ नगरपालिका वडा नं.१ स्थित मुहान पोखरीमा रहेको होलिडे इन रिसोर्ट (Holiday Inn Resort) मा आयोजना हुने *"बागमती प्रदेशस्तरीय न्यायिक सम्मेलन"* सम्बन्धी कार्यक्रमबारे जानकारी गरियो।

३. मिति २०८३ साल असोज १७ गते नगरपालिकाको प्राङ्गणमा आयोजना हुने *"सार्वजनिक सुनुवाई कार्यक्रम"* सम्बन्धी आवश्यक जानकारी गरियो।

४. जलवायु परिवर्तनका असर, चुनौती तथा अनुकूलन र नगरभित्रका सम्भावित जोखिमक्षेत्र सम्बन्धी विषयवस्तु समेटेर तयार पारिएको प्रारम्भिक प्रतिवेदन बैठकसमक्ष प्रस्तुत गरियो।

५. विधायन समितिबाट पेश भएका देहाय बमोजिमका नियमावली/मापदण्ड/कार्यविधिहरु स्वीकृत गर्ने।

- ५.१ एकीकृत खानेपानी बोर्ड सञ्चालन नियमावली, २०८३
- ५.२ बाल संरक्षण मापदण्ड, २०८३
- ५.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०८३
- ५.४ बुढानीलकण्ठ नगर अस्पताल व्यवस्थापन नियमावली, २०८३
- ५.५ ईन्टर्नशीप कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
- ५.६ 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन, २०८३
- ५.७ विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८३

६. नगरपालिका र उपभोक्ता समितिको ५०/५० प्रतिशत सहलगानीमा सञ्चालन हुने गरी माग भई आएका तपसिल बमोजिमका आयोजना सञ्चालनको लागि नगरस्तरीय पूँजीगत खर्चतर्फको सि.नं.९५ को आन्तरिक सह-लगानीबाट व्यहोर्ने गरी रकम स्वीकृत गर्ने।

क्र.सं.	वडा नं.	माग/सिफारिस गर्नेको नाम/निकाय	आयोजनाको विवरण	नगरपालिकाले व्यहोर्ने रकम
१.	६	वडा कार्यालय	खड्का गाउँ चुनदेवी मन्दिर ट्रष्ट निर्माण	रु.२ लाख
२.	६	वडा कार्यालय	प्रगती सामुदायिक ट्रष्ट निर्माण	रु.२ लाख
३.	६	वडा कार्यालय	नमुना टोल प्रवेशद्वार निर्माण	रु.१ लाख ५० हजार

७. नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आए बमोजिम विपद् व्यवस्थापनको कार्यको लागि नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.६३ विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण कोष शीर्षकबाट भुक्तानी हुने गरी देहाय बमोजिम रकम स्वीकृत गर्ने ।

क्र.सं.	योजना/कार्यक्रमको नाम	वडा नं.	स्वीकृत रकम	कैफियत
१.	हेम कुमार कोईरालाको घर अगाडि पञ्चकन्या खोलाले कटानी गरेको सडक मर्मत तथा स्तरोन्नती गर्ने।	२	रु.३ लाख	
२.	जगन्नाथ मन्दिर अगाडिको खहरे वरपर डुवान मुक्त बनाउने प्रयोजनार्थ वडा नं.९ मा उपलब्ध ह्यूम पाईप प्रयोग गर्ने गरी एक्साभेटरको सम्बन्धित वडा कार्यालयबाट प्रमाणित लगबुकको आधारमा भुक्तानी गर्ने।	८	आवश्यकता अनुसार	
३.	लसुनटार ग्याबिन जाली	११	रु.१० लाख	
४.	आईतमाया नगरकोटीको घरमा भएको विपद्जन्य क्षतिमा राहत स्वरुप आर्थिक सहयोग।	१३	रु.२० हजार	

८. देहायमा उल्लेखित आयोजना, कार्यक्रम तथा निर्णयहरुको पुनरावलोकन गरी तपसिल बमोजिम आवश्यक संशोधन तथा एकीकरण (मर्ज) गर्ने।

क्र.सं.	वडा नं.	साविक आयोजनाको विवरण	संशोधित आयोजना विवरण	कैफियत
१.	१	नगरस्तरीय योजनाको पूँजीगततर्फ सि.नं.१२०, चौकी डाँडा पार्कमा वाल तथा ढुङ्गा छाप्ने, रु.२५ लाख	गुरु रेन्पोर्छे मूर्ति अगाडि सिँढीमा फल्याट स्टोन छाप्ने र अन्य कार्य, रु.१० लाख	
			चौकी डाँडा पार्कमा प्रतिक्षालय निर्माण र ब्लक विच्छ्याउने तथा वाल निर्माण, १० लाख	
			नगरस्तरीय योजनाको पुँजीगततर्फ सि.नं.६४, वडा नं.१ भित्रका सडक प्याचिङ शीर्षकमा रू.५ लाख थप गरी १५ लाख कायम गर्ने।	
२.	३	वडास्तरीय योजनाको चालुतर्फ सि.नं.२७, सडक सौन्दर्यकरण कार्यक्रम	सडकको सौन्दर्यकरण तथा रोड मिरर जडान, रु.८ लाख	
३.	३	वडास्तरीय योजनाको पूँजीगततर्फ सि.नं.४, कृष्णपाटी चौतारा निर्माण तथा मर्मत सम्भार, रु.८ लाख	कृष्णपाटी सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार, रु.८ लाख	